स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



राजु गिरीको निर्देशनमा बनेको फिल्म 'ईश्वर'को ट्रेलर सार्वजनिक गरिएको छ। २ मिनेट लामो ट्रेलरमा अन्तरजातीय प्रेममा आउने अवरोधलाई देखाइएको छ। ध्रुव थापा र कृष्टि गुरुङ मायामा छन् । तर, उनीहरुको जात मिल्दैन । जात मिल्ने बुद्धि तामाङलाई कृष्टिले मन पराउँदिनन् । ट्रेलरले यी तीन पात्रलाई नै पछ्याएको छ । अनु शाह र पृथ्वीराज प्रसाइँबीचको प्रेम पनि देख्न सकिन्छ। दिव्या कंगना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता हरिबहादुर थापा हुन् ।

**आजको विचार...**



देश...

(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल

'छक्का पञ्जा' टिमबाट बाहिरिएपछि बाहिरी ब्यानरका फिल्ममा उनको राम्रो माग देखिएको छ । डेढ वर्षअघि उनी अभिनीत 'हयारी कि प्यारी' रिलिज भएको थियो । यतिबेला उनले फिल्म 'ज्वाइँसाब'मा काम गरिरहेका छन् । उनको 'पाइपलाइन'मा 'कार्साङ' भन्ने फिल्म पनि छ । अब अर्को फिल्म पनि उनी जोडिएका छन् । 'ज्वाइँसाब'को सेटमा जितुले शुक्रबार 'कङ्गारु' सम्झौता गरेका हुन् । सम्राट बस्नेतको निर्देशनमा बन्न लागेको फिल्ममा यसअघि नै 'छक्का पञ्जा' समूहका केदार घिमिरे (मागने बुढा) अनुबन्धित भैसकेका छन् ।



❒ वर्ष २९ ❒ अंक ३१७ ❒ २०८१ असार २ गते आइतबार 16 June 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# लुम्बिनी प्रदेशको ३८ अर्ब ९७ करोड बजेट

## कृषि, स्वास्थ्य, पर्यटन र पुर्वाधारका अधिकांश पुराना र अधुरा आयोजना तथा कार्यक्रमलाई प्राथमिकता

**रामचन्द्र रायमाझी**

**पाल्पा**, असार १/लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ३८ अर्ब ९७ करोड रुपैयाँको बजेट ल्याएको छ । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री चेतनारायण आचार्यले शनिबारको प्रदेश सभा चौँथो अधिवेशनको तेह्रौं बैठकमा उक्त बजेट प्रस्तुत गरेका हुन् ।

बजेटमा चालुतर्फ ११ अर्ब २४ करोड २७ लाख ८४ हजार अर्थात् २८ दशमलव ८७ प्रतिशत र पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख अर्थात् ६३ दशमलव ०९ प्रतिशत विनियोजित छ । वित्तीय हस्तान्तरणका लागि ३ अर्ब १४ करोड १३ लाख १६ हजार अर्थात् ८ दशमलव ०६ प्रतिशत अनुमान गरिएको छ ।

राजश्व संकलनमा आएको कमीका कारण प्रदेश सरकारले बजेटको आकार गत वर्ष भन्दा २ अर्बले घटाएको छ । प्रदेश सरकारले आर्थिक वर्ष




२०८०/०८१ का लागि ४० अर्ब ४६ करोड ८९ लाख ५७ हजार रुपैयाँको बजेट ल्याएको थियो । आगामी वर्षमा अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत आन्तरिक राजश्वमार्फत ७ अर्ब ५१ करोड, संघबाट प्राप्त हुने राजश्वमार्फत १२ अर्ब १ करोड, संघबाट प्राप्त हुने रोयल्टी ५० करोड र स्थानीय तहबाट प्राप्त हुने राजश्व २ अर्ब ९२ करोड हुने अनुमान गरिएको छ ।

प्रदेश सरकारले कृषि, स्वास्थ्य, पर्यटन र पुर्वाधारका अधिकांश पुराना र अधुरा आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिएर बजेटमा रकम विनियोजन गरिएको छ । लुम्बिनी प्रदेशको समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउँदै उच्च, दिगो आर्थिक वृद्धि सहितको आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकासमा जोड दिइएको छ । त्यस्तै गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच, भौतिक पूर्वाधारको परिमाण र गुणस्तर अभिवृद्धि गर्दै समृद्धिका सम्भाव्यता क्षेत्रहरु पहिचान गर्ने उल्लेख छ । कृषि, पर्यटन विकासको प्रवर्द्धन गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने स्वरोजगर बनाउने लक्ष्य प्रदेश सरकारको छ । उसले 'किसानको हात: प्रदेशको साथ' कोनारालाई आत्मसात गर्दै प्रदेशभित्रका सबै जिल्लाहरुमा बाली एवं वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रमका लागि बाली र पशुपन्छीतर्फ १० करोड ७२ लाख, कृषिको प्रमुख आधारको रुपमा रहेको सिंचाइलाई प्राथमिकता दिई साना सिंचाइ आयोजनामार्फत थप २ सय ५० हेक्टर सिंचित क्षेत्र विस्तार गर्दै विभिन्न जिल्लामा निर्माण भएका सिंचाइ आयोजनाको कमाण्ड क्षेत्रमा थप १५०० हेक्टरमा वाली सघनता वृद्धि गर्न ६ करोड १६ लाख बजेट विनियोज गरेको छ । यस्तै 'स्वस्थ जीवनको आधार: माटोमा सुधार' नाराका साथ माटोमा प्राङ्गारिक पदार्थ वृद्धि गरी दिगो उर्वराशक्ति कायम राख्न माटो व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाउन दीर्घकालीन कार्ययोजना कार्यान्वयनमा ल्याइने, प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्न प्राङ्गारिक जिल्ला घोषणा भएको रुकुम (पूर्वी भाग) मा प्राङ्गारिक उत्पादन, प्रमाणीकरण, बजारीकरण तथा क्षमता विकास गर्दै प्राङ्गारिक कृषि उत्पादनका लागि सम्भावित अन्य क्षेत्रहरुको पहिचान गरिने, सम्भाव्य स्थानमा व्यावसायिक तरकारी, फलफूल, उँखु, मौरी, पुष्प, च्याउ, कफी लगायतका उच्च मूल्यका बाली/वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गरिने बजेटमा उल्लेख छ ।

त्यसैगरी व्यावसायिक बाखा, बंगुर, भैंसी पालनलाई प्रवर्द्धन गर्दै कृषि/पशुपन्छी विकास कार्यक्रम सञ्चालन गर्न ७ करोड, कृषकले उत्पादन गरेको बाली/वस्तुमा उत्पादनमा आधारित प्रोत्साहन अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिनुको साथै दुग्धजन्य पदार्थ निर्यात प्रवर्धन गर्नका लागि ६ करोड १० लाख विनियोजन भएको छ ।

-बाँकी अन्तिम पेजमा

**संक्षिप्त समाचार**

## ७१ जिल्लामा फैलियो डेंगु संक्रमण

**काठमाडौं,** असार १/डेंगु रोगको संक्रमण ७१ वटा जिल्लामा फैलिएको छ । गत जेठ ११ गतेसम्म ५७ जिल्लामा फैलिएको डेंगु हाल ७१ जिल्लामा पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा.गोकर्णप्रसाद दाहालले मौसम परिवर्तनसँगै गर्मीका कारणले डेंगुको संक्रमण बढेको बताए । उनले गर्मीमा मानिसले पानी संकलन गरेर राख्ने र संकलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेंगुको जोखिम बढेको बताए । 'गर्मीमा पानी संकलन गरेर राख्ने गरिन्छ । त्यसरी संकलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ । सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ', उनले भने । उनका अनुसार ७१ जिल्लामा एक हजार एक सय ३० जनामा संक्रमणमा देखिएको छ । गत वर्ष ७७ जिल्लामा ५१ हजार एक सय ४३ जनालाई डेंगु रोगको संक्रमण देखिएको थियो। उनका अनुसार कोशी प्रदेशमा दुई सय ७२, मधेस प्रदेशमा ३०, बागमती प्रदेशमा तीन सय ९०, गण्डकी प्रदेशमा एक सय ७५, लुम्बिनी प्रदेशमा एक सय ३२, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिम प्रदेशमा एक सय १५ जनामा संक्रमण देखिएको छ ।-*रासस*

# आज अन्तर्राष्ट्रिय बुवा दिवस

**पाल्पा,** असार १/अन्तर्राष्ट्रिय बुवा दिवस आज विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुन महिनाको तेस्रो आइतबार विश्व समुदायले बुवाको सम्मानमा यो दिवस मनाउने गर्दछ ।

यस दिन पिताको सम्मान गरी जन्यजनक भाव सम्बन्धलाई प्रगाढ बनाउने परम्परा रहेको छ । श्रुतिस्मृतिमा 'आत्मा वै पुत्र:' अर्थात् कुनै पनि सन्तान व्यक्तिको आफ्नो स्वरूपको रूपमा जन्मिएको हुन्छ भनिएको छ । तसर्थ यस दिन पिताकै स्वरूपमा जन्म लिएका हरेक सन्तानले पिताको सम्मान गर्ने वैदिक कालदेखि नै परम्परा विकसित भएको पाइन्छ । आजको दिनमा पिता जीवित हुनेले मीठामीठा पक्वान्न तयार पारी खुवाउने, न्याना उपयोगी कपडाद्वारा सम्मान गर्ने, बुवाको मुख दर्शन गर्ने र प्रणाम गर्ने चलन रहेको छ भने पिताको देहावसान भइसकेकाहरूले चाहिँ पितृ मुक्तिको कामना गर्दै पितृ तर्पण वा दानदक्षिणा गर्ने गर्दछन् ।

परापूर्व कालदेखि नै मातृ देवो भव, पितृ देवो भव भन्ने नारालाई आत्मसाथ गर्दै आमा र बुवाको मुख हेर्ने दिनमा स्नेहपूर्वक रूपमा मनाउने सनातन दर्शनमा आमा र बुवालाई भगवान् सरह मान्यता दिइएको नै छ । चाहे जुनसुकै धर्म, दर्शन, संस्कार या जनावरहरू नै किन नहुन ? आमा बुवालाई पुज्ने चलन छ । यस क्रममा भारतमा बेलायती शासकहरूको शासन सुरुवात पछिका दिनमा नै जुन महिनाको तेस्रो आइतबार बुवाप्रति समर्पण गर्ने दिन मनाउने चलन स्थापना गरिएको थियो । क्रमश: यसै चलनलाई बेलायतीहरूले आफ्नो देशमा पनि थालनी गरिदिए र आज विश्वभर नै जुन महिनाको तेस्रो आइतबार अन्तर्राष्ट्रिय बुवा दिवस मनाउने चलन स्थापना भएको हो ।

जो बुवा आमा भन्दा टाढा छन् । जसले वर्षौंसम्म पनि आमा बुवा भेट्न पाउँदैनन्, उनीहरुका लागि यो दिवस महत्वपूर्ण रहन्छ । तर वर्षमा एक दुई पटक बुवा आमाप्रति सद्भाव र माया दर्शाएर पुग्दैन । जन्म र कर्म दिने बुवा आमालाई वर्षमा एक/दुई दिन सम्झिएर हुँदैन ।

अझ अहिले त वर्षभरी वास्ता नगर्ने जब आमा, बुवाको मुख हेर्ने र दिवस आउँछन् तब सामाजिक सञ्जालका भित्ताहरूमा बुवा आमाका तस्वीरहरु सजाएर राख्ने प्रवृत्तिको विकास भएको छ जुन गलत हो । हिजोआज बढ्दो पश्चिमीकरण र तिनका मूल्य-मान्यता अँगाल्ने होडमा धेरै बुवाआमाहरू अवहेलनामा परिरहेका छन् । आफू सक्षम नबनुञ्जेल काखमा लुटपुटिने र सक्षम बनिसकेपछि तिनै आमालाई साहारा विहीन बनाउने सन्तानहरू अहिले बढिरहेका छन् । यो दु:खको कुरा हो । बुवा आमा- जननी, जन्मदाता र कर्मदाता हुन् ।

# नेपाल दक्षिण अफ्रिकासँग पराजित, इतिहास रच्ने मौका गुमायो

**सविन भट्टराई**

**काठमाडौं,** असार १/नेपालले आइसीसी टि-ट्वान्टी विश्वकप क्रिकेटमा इतिहास रच्ने मौका गुमाएको छ । नेपाल शुक्रबार विहान वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित आर्नोस भले ग्राण्ड किङ्सटाउन रङ्गशालामा भएको खेलमा दक्षिण अफ्रिकासँग १ रनले पराजित भएसँगै इतिहास रच्ने मौका गुमाएको हो ।



हारसँगै नेपालको अन्तिम आठमा पुग्ने सम्भावना सकिएको छ । खेलमा दक्षिण अफ्रिकाका टाबरेज साम्सीले एकै ओभरमा दुई महत्वपूर्ण विकेट लिएपछि नेपाल दवाबमा पुगेको थियो । नेपालले खेलको आठौं ओभरको दोस्रो बलमा ओपनर कुशल भुर्तेललाई गुमाएको थियो । उनी २१ बलमा १३ रन बनाएर बोल्डआउट भएका थिए । त्यसपछि क्रिजमा आएका कप्तान रोहितकुमार पौडेल दोस्रो बलको सामना गर्ने क्रममा साम्सीबाट बोल्ड आउट भए । त्यसपछि नेपालले तेस्रो विकेटका रुपमा अनिल शाहलाई गुमाउन पुग्यो । अनिल २४ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै २७ रनमा आउट भए । आउट हुनु अगाडि उनले ओपनर आसिफ शेखसँग राम्रो साझेदारी गरेका थिए । नेपालले ३५ रन जोड्दा कुशल भुर्तेल र कप्तान रोहितकुमार पौडेल आउट भएपछि अनिल क्रिजमा आएका थिए । अनिलले आसिफसँग ५० रनको साझेदारी गरेका थिए । ओपनर आशिफलाई नेपालले पाँचौ विकेटको रुपमा गुमाएको थियो । आशिफले ४९ बलमा चार चौका र एक छक्का प्रहार गर्दै ४२ रन बनाए । दीपेन्द्रसिंह ऐरी छ रनमा आउट भए भने कुशल मल्ल एक रनमा पेभिलियन फर्किए । गुल्सन झा छ रनमा आउट हुँदा सोमपाल कामी आठ रनमा अविजित रहे । दक्षिण अफ्रिकाका टाबरेज साम्सी एक्लैले चार विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय १५ रनको योगफल बनाएको थियो । दक्षिण अफ्रिकाको यो लगातार चौथो विजय हो । पहिलो ३ खेल जितेर सुपर 'एट' मा पुगिसकेको दक्षिण अफ्रिकाले नेपालविरुद्ध पूर्ण टोली उतारेको थियो । नेपाल यस हारपछि समूहचरणबाटै बाहिरिएको छ । यो हार नेपालको लागि विशेषत: दु:खद रहनुको साथै सुपर ८ मा पुग्ने र टेस्ट राष्ट्रविरुद्ध पहिलो जीत हासिल गर्ने नेपालको सपना अधुरै रह्यो । नेपालले बंगलादेशसँग आज आइतबार समूहचरणको अन्तिम खेल खेल्ने छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## अन्तर्राष्ट्रिय बुवा दिवसको सन्दर्भ

**आफ्ना बुबाप्रति सम्मान जनाउँदै आज विश्वभर अन्तर्राष्ट्रिय बुवा दिवस मनाइँदै छ । हरेक वर्ष जुन महिनाको तेस्रो आइतबार विश्व समुदायले यो दिवस मनाउने गर्दछन् । यस दिन विश्वभर रहेका सन्ततीहरुले आफुलाई जन्म दिने बुबालाई विशेष सम्झने गर्छन् ।**

**परापूर्व कालदेखि नै मातृ देवो भव, पितृ देवो भव भन्ने नारालाई आत्मसाथ गर्दै आमा र बुवाको मुख हेर्ने दिनमा स्नेहपूर्वक रुपमा मनाउने सनातन दर्शनमा आमा र बुवालाई भगवान् सरह मान्यता दिइएको नै छ । चाहे जुनसुकै धर्म, दर्शन, संस्कार या जनावरहरू नै किन नहुन ? आमा बुवालाई पुज्ने चलन छ । यस क्रममा भारतमा बेलायती शासकहरूको शासन सुरुवात पछिका दिनमा नै जुन महिनाको तेस्रो आइतबार बुवाप्रति समर्पण गर्ने दिन मनाउने चलन स्थापना गरिएको थियो । क्रमशः यसै चलनलाई बेलायतीहरूले आफ्नो देशमा पनि थालनी गरिदिए र आज विश्वभर नै जुन महिनाको तेस्रो आइतबार अन्तर्राष्ट्रिय बुवा दिवस मनाउने चलन स्थापना भएको हो ।**

**कर्म दिने बुबालाई भगवानसरह मान्नुपर्ने धर्मसशास्त्रहरुमा उल्लेख छ । आफूलाई जन्म दिई हुर्काइ, पढाई सक्षम बनाउने बुवालाई देवता सम्झेर श्रद्धा भक्तिपूर्वक मान्नु र पूज्नु सम्पूर्ण छोराछोरीको कर्तव्य हो । पितालाई अरू समयमा वास्ता नगर्ने सन्तानहरू पनि यस दिन मीठा–मीठा खानेकुरा तथा कपडा लिएर बुवालाई भेट्न पुग्छन् । यसलाई सकारात्मक रुपमा लिएपनि एक दिन मात्र गरिएको सम्मानले पिताप्रतिको सच्चा सम्मान भने हुन सक्दैन । बाबुको सम्मान र सेवा गर्दा आफू पनि लोकबाटै सम्मानित भइने र भविष्यमा आफूले पनि आफ्ना सन्तानबाट त्यस्तै सेवा–सम्मान पाइन्छ भन्ने कुरा कुनै पनि सन्तानले बिर्सनु हुँदैन । अधिपछि बुबाआमालाई वास्ता नगर्ने र वर्षको एक दिन सम्मान गरेको देखाउन खानेकुरा र लुगाफाटा लिएर भेट्न जाने संस्कार छ, जुन गलत हो । यसो गरिनुहुँदैन । पिता वर्ष भरि नै पुजनीय हुन्छन् । दर्शनीय हुन्छन् । एकदिन मीठा खानेकुरा खुवाएर सन्तानको कर्तव्य पूरा हुँदैन । यसर्थ बुवाको सम्मान सधै गर्न सिकौं । जसले गर्दा अन्तर्राष्ट्रिय बुवा दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।**

### Opinion @ Social Network

केही नहुनु पनि त केही हुनु हो,
रित्तो भएर भरिनुको मजा नै बेग्लै हुन्छ ।
*(विपिन श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com/stha.bipin)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देश बनाउने की सरकार जोगाउने ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

> *राजनीतिक अस्थिरता, क्षण–क्षणमा भैरहने सरकार परिवर्तन र बेलाबेलामा घोषणा हुने मध्यावधी चुनावले वाक्क र दिक्क भएका आम जनतालाई जनताको साशन व्यवस्था मानिने गणतान्त्रिक साशन व्यवस्थामा आइपूग्दा पनि उहि नियतीको सामाना गर्नु पर्ने दुर्भाग्य पूर्ण अवस्था सिर्जना भएको देखिन्छ । यति मात्रै कहाँ हो र केन्द्रमा सिमित यो राजनीतिक अस्थिरता संघीयतासँगै सात वटा प्रदेशहरु सम्म पुगेको देखिन्छ । विगतमा केन्द्रमा हुने राजनीतिक अस्थिरताबाट निराश बनेका जनतालाई थपनिराश थपिदिएको छ । प्रदेशहरुमा देखिन थालेको थप राजनीतिक अस्थिरता र सरकार परिवर्तनको श्रृखलाले । राज्यको नयाँ सरचना विकासका लागि की सत्ता केन्द्रीत राजनीतिका लागि बहसको विषय बनेको देखिन्छ ।*

देश र जनताका पक्षमा चर्का नारा र बहस गर्ने नेपालका साना ठूला राजनीतिक दलका नेतृत्वहरुको दैनिकी आज भोली सरकार प्राप्ती र सरकार जोगाउनमा नै केन्द्रीत हुँदै गरिरहेको देखिन्छ । जनताले भने जुन साशन व्यवस्था र सरकार आए पनि कानै चिरेको भन्दै छन् । हुन पनि राजतन्त्र सहितको केन्द्रीकृत साशन व्यवस्थाका कारण देश विकास हुन सकेन् । जनताको जीवनस्तरमा सुधार हुन सकेन । देश विकासका लागि राजतन्त्र सहितको केन्द्रीकृत साशन व्यबस्था फाल्नु पर्दछ भन्ने उद्देश्यका साथ दश वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन मार्फत नेपालको संविधान २०७२ मा संघीयता सहितको गणतन्त्रलाई लिपिवद्ध गर्न तत्कालीन माओवादी लगाएत दलहरु सफल भएको देखिन्छ । गणतान्त्रिक शाशन व्यवस्था अभ्यासको करीब दुई दशक बित्न लाउदै गर्दा साशन व्यवस्थाको वरिपरी नेकपा माओवादी घुमिरहेको देखिन्छ तर साशन व्यवस्थाको अभ्यासबाट राजनीतिक अस्थिरताको अन्त्य र स्थिर सरकार स्थापित गरि देश विकास र जनताको दैनिकी सुधारमा यस व्यबस्थाको शुत्रधार मानिने माओवादी सफल देखिदैन् । यसको बदलामा सत्ता केन्द्रीत राजनीतिक दलमा वृद्धि हुदै गएको देखिन्छ । यही कारण भैरहेको विकास निर्माणका कार्यहरु पनि ओझेलमा परेको देखिन्छ साथै राजनीतिक दलहरु प्रति देश विकास ठूलो की सत्ता ठूलो भन्ने प्रश्न उत्पन्न भएको छ । प्रचण्ड सरकारको पछिल्लो समय देश विकास भन्दा सरकार जोगाउने र सत्तामा टिकी रहने मै व्यतित भएको देखिन्छ । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

राजनीतिक अस्थिरता, क्षण-क्षणमा भैरहने सरकार परिवर्तन र बेलाबेलामा घोषणा हुने मध्यावधी चुनावले वाक्क र दिक्क भएका आम जनतालाई जनताको साशन व्यवस्था मानिने गणतान्त्रिक साशन व्यवस्थामा आइपूग्दा पनि उहि नियतीको सामाना गर्नु पर्ने दुर्भाग्य पूर्ण अवस्था सिर्जना भएको देखिन्छ । यति मात्रै कहाँ हो र केन्द्रमा सिमित यो राजनीतिक अस्थिरता संघीयतासँगै सात वटा प्रदेशहरु सम्म पुगेको देखिन्छ । विगतमा केन्द्रमा हुने राजनीतिक अस्थिरताबाट निराश बनेका जनतालाई थपनिराश थपिदिएको छ । प्रदेशहरुमा देखिन थालेको थप राजनीतिक अस्थिरता र सरकार परिवर्तनको श्रृखलाले । राज्यको नयाँ सरचना विकासका लागि की सत्ता केन्द्रीत राजनीतिका लागि बहसको विषय बनेको देखिन्छ । गणतन्त्र प्राप्तीको करीब १६ वर्षमा केन्द्रमा १६ वटा सरकार बनेको देखिन्छ भने सोहि अनुसार प्रदेशमा पनि सरकार परिवर्तनको अवस्था देखिन्छ । पछिल्लो निर्वाचन पछिको अवधिमा प्रदेशमा १६ महिनामा २१ पटक मुख्यमन्त्री परिवर्तन भएको देखिन्छ । राजनैतिक अस्थिरता र सरकार परिवर्तनको कारण बनेका छन् माओवादीका अध्यक्ष प्रचण्ड ,उनकै व्यक्तिवादी स्वार्थ र सत्ता केन्द्रीत खेल । अनि गिजाँई रहेको छ । देश विकास , जनताको दैनीकी सुधारको उद्देश्यले गणतन्त्र प्राप्तिका लागि बलिदानी दिएका सहितको सपनालाई पनि आभाष भएको छ सहिदका रगत माथि राजनीतिक दलका नेतृत्वहरुको नाग्गो नाचको । चुनावको समयमा देश विकास र जनताको जीवनस्तर सुधारको चर्का नारा लगाउने राजनीतिक दलहरु चुनाव पछिका अधिकाश समय आगामी चुनावी खर्च व्यवस्थापन र आरोप प्रत्यारोप, सरकार बनाउने र ढलाउने खेलमा नै समय व्यथित गरेको देखिन्छ भने यसमा आफुलाई अरु भन्दा फरक दलका रुपमा परिभाषित गर्नेहरु नै पुराना राजनीतिक दलहरु भन्दा अग्रपंक्तीमा रहेको देखिन्छ । विकास, स्थिरता र परिवर्तनको चर्का भाषण गर्ने, परिवर्तनको संवाहकका रुपमा आफुलाई उभ्याउन खोज्ने प्रधानमन्त्री प्रचण्ड देश विकासमा हैन् कसरी सत्ता र सरकारमा रहिरहने भन्ने सोच र रणनीति बनाउँदैमा समय व्यथित गरिरहेको देखिन्छ । राजनीतिक दलका देश विकासका कुरा चुनावी घोषणा पत्रमै सिमित भएको देखिन्छ ।

**किन यसो भैरहेको छ ?**

संघीय गणतान्त्रीक साशन व्यवस्थाको अभ्याससँगै देश रुपान्तरण भएको छ, प्रदेशसहित आठ वटा सरकारको व्यवस्थामा । यहि केन्द्र सहितका आठ सरकारले सिर्जना गरेका छन् राजनैतिक अस्थिरतालाई अनि सरकार परिवर्तनलाई । सत्ता बाहिर बस्नु पर्दा एउटा सरकार मात्रै नभएर आठ/आठ वटा सरकार गुमाउनु पर्ने स्थिती सिर्जना हुँदै गएका कारणले, दलहरु जसरी पनि नैतिकता र विवेक गुमाउँदै सत्ता केन्द्रीत लडाइमा लागि परिरहेको देखिन्छ । दलका लागि सत्ता देश विकासका लागि नभएर चुनावी खर्च जम्मा गर्न, व्यक्तिगत तजविजका आधारमा योजना बाँडफाँड गर्न, आसेपासेलाई विभिन्न राज्यका निकायहरुमा राजनीतिक नियुक्ती गर्न, राज्यका अंगहरुलाई आफु अनुकुल दुरुपयोग गर्न, आफ्ना अपराधहरुबाट जोगिन, राजनीतिक दलहरुले मुख्य उद्देश्य बनाएका कारण सत्ता बाहिर बस्नै नसक्ने अवस्थामा राजनीतिक दलहरु पुगेका कारण देश विकास भन्दा सरकारमा बसिरहने स्थितीमा दलहरु पुगेको देखिन्छ । यहि कारण राजनीतिक अस्थिरता दिनप्रती दिन बढ्दै गएको देखिन्छ । यसका साथै जनताको साशन व्यवस्था मानिने गणतन्त्रमा पनि उहि अस्थिर राजनीति अवस्था, उहि सरकार परिवर्तनको अवस्थाले निरन्तरता पाउनु, राजनीतिक दलहरु जनताका लागि भन्दा सत्ता प्राप्तीका लागि केन्द्रीत हुनु, सत्ताका लागि विवेक, इमान्दारीता र नैतिकता नै गुमाउने गरेको देखिनु यसका साथै राष्ट्र र राष्ट्रहित विपरीतका कार्यहरु बढ्दै जानु, अन्तर्राष्ट्रिय फोरमहरुमा राष्ट्रहितको पक्षमा दरिलो आवाज राख्न नसक्नु, सिमा सुरक्षा गर्न नसक्नु, राष्ट्रिय एकतालाई खलबल पुऱ्याउने अभिव्यक्ति जिम्मेवार निकायबाट व्यक्त गर्दै हिड्नु जसको कारण समय समयमा धार्मिक ,जातीय तथा क्षेत्रीय द्वन्द्व बढ्दै जानुको एउटै कारण सत्ताका लागि मुख्य दलहरुबिच एकता कायम हुन नसक्नु, हानथाप भैरहनु, राष्ट्रिय एकता प्रस्तुत गर्न नसक्नु कारण बनेको देखिन्छ ।

**अब के गर्ने त ?**

- राजनैतिक स्थिरताका लागि दलहरु बिच सहकार्य र सहमती हुनुपर्ने ।
- व्यक्तिगत र राजनीतिक दलगत स्वार्थ त्याग गर्नुपर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली खारेज गर्नुपर्ने ।
- संविधानको पूर्ण पालना गर्नु पर्ने ।
- राजनीतिक स्थिरताका लागि संविधानमा सशोधन गर्नुपर्ने पक्षमा सशोधन गर्नुपर्ने ।
- प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने ।
- प्रदेशहरुमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्था गर्नु पर्ने ।
- दलगत र गुटगत स्वार्थ त्याग गर्ने ।
- आफ्नो राजनीतिक स्वार्थ भन्दा माथि देशको स्वार्थ राख्ने ।
- आर्थिकरुपमा देशलाई बलियो बनाउँदै लैजाने ।

**निष्कर्ष :**

देश भन्दा माथि संघीयता देख्ने, संघीयता भन्दा माथि जातीयता र धर्मका कुरा गरेर सस्तो लोकप्रियता र भोटमा रमाउने राजनीतिक नेतृत्वकै कारण पछिल्लो समय जनताको साशन मानिने गणतन्त्रमा राजनीतिक अस्थिरता झन् बढ्दै गएको देखिन्छ । देश विकास भन्दा पनि सत्तामा टिकी रहने /सरकार जोगाईरहने रणनीति बनाउन सत्ता पक्ष र सरकार कसरी परिवर्तन गर्ने भन्ने रणनीति बनाउन सत्ता बाहिरका दलहरु लागेको कारण देश र जनताका मुद्दाहरुमा राजनीतिक दलहरुले महत्व दिएको देखिदैन् । चुनावको समयमा देश बनाउने जिम्मा हामीलाई दिनु भन्दै घोषणा पत्र र भाषण गर्ने दलका नेतृत्वको भाषण भाषणमै सिमित नरहोस्, बेलैमा वुद्धि फिरोस् । देश विकासका पक्षमा राजनीतिक दलहरुबिच एकता प्रस्तुत हुन् सकोस् । देशका प्रधानमन्त्रीको समय र उनले बनाउने रणनीति देश विकास भन्दा पनि सत्ता जोगाउनमा लगाउन नपरोस् यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सङ्गीतमा रुचि बढ्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **तुला** : आँटेको कार्य अगाडि बढ्ला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **वृष** : अधिकारका लागि संघर्ष गर्नु पर्ला । धार्मिक यात्राको योग छ । | **वृश्चिक** : राजनीतिक क्षेत्रको काम अघि बढ्नेछ । नयाँ कार्यले गति पाउनेछ । |
| **मिथुन** : स्वादिष्ट भोजन पाइनेछ । सामाजिक हितको काम अघि बढ्ला । | **धनु** : दैनिक कार्यमा प्रगति हुनेछ । समाजसेवामा मन लाग्नेछ । |
| **कर्कट** : नयाँ अनुभव मिल्नेछ । चुनौतीको सामना पनि गर्नुपर्ला । | **मकर** : कारोबारमा विवाद आउनेछ । स्वास्थ्यमा समस्या आउला । |
| **सिंह** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । | **कुम्भ** : विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । साहित्यिमा रुचि बढ्नेछ । |
| **कन्या** : गरेको कार्यमा बाधा आउनेछ । धूम्रपान र मद्यपानबाट टाढै रहनु होला । | **मीन** : नयाँ कार्यको थालनी हुनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |

# कृषि

## मल बनाउँदै खेती गर्छन् विद्यार्थी

बागलुङको काठेखोला गाउँपालिका-४ स्थित धारा माध्यमिक विद्यालयका विद्यार्थीले विद्यालयमै प्राङ्गारिक मल उत्पादन गरी फलफूल तथा तरकारी खेती गर्दै आएका छन् ।

उक्त विद्यालयका विद्यार्थीले सुरुमा घरबाट गोबर मल लिएर विद्यालयमा फलफूल तथा तरकारी खेती थालेका थिए । 'पढ्दै कमाउँदै' कार्यक्रम लागु भएपछि प्राङ्गारिक मलसमेत विद्यालयमै बनाउन थालेका हुन् । प्राङ्गारिक मल खरिद गर्नसमेत महँगो पर्ने भएकाले विद्यार्थीले कुहिने झारपातबाट प्राङ्गारिक मल बनाउँदै किबी तथा तरकारी खेती गर्दै आएका छन् । विद्यार्थीलाई व्यवहारिक शिक्षा दिन विद्यालयकै तीन रोपनी जग्गामा २०६८ सालमा परीक्षणका लागि किबी रोपिएको थियो । उक्त किबी अहिले व्यावसायिक रूपमा उत्पादन भइरहेको छ । त्यही खेतीसँग जोडेर एक वर्षदेखि विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू गरिएको विद्यालयका प्रधानाध्यापक कमला थापाले जानकारी दिइन् । 'संस्थागत रूपमा किबी खेती बागलुङमै पहिलोपटक लगाइएको रहेछ, तीन रोपनी जग्गामा लगाइएको किबी उत्पादन भएपछि अभिभावकले खरिद गर्छन्, 'थापाले भनिन्,' 'पछिल्लो एक वर्ष पढ्दै कमाउँदै कार्यक्रम लागू भएपछि प्राङ्गारिक मलसमेत विद्यार्थीले विद्यालयमै उत्पादन गर्दै आएका छन् ।' कुहिने झारपातलाई दुई महिनासम्म माटोमा गाडेर मल तयार गरिन्छ, उक्त मलबाट किबी फल र तरकारी खेती गर्दै आइएको उनले जानकारी दिइन् । प्राङ्गारिक मल उत्पादन गर्ने जिम्मा कक्षा ९ लाई दिइएको छ । किबीको हेरचाह गर्ने जिम्मा १० कक्षालाई छ । पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यार्थीले गत वर्ष च्याउसमेत उत्पादन गरेका थिए । विद्यार्थीले उत्पादन गरेको फलफूल र तरकारी बिक्रीबाट कक्षा ८ देखि ११ सम्मका विद्यार्थीले शैक्षिक सामग्री खरिद गर्न सक्ने भएको प्रधानाध्यापक थापाको भनाइ छ । उनले पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत सुरुवाती चरणमा धेरै आम्दानी गर्न नसके पनि कम्तीमा अध्ययनका लागि आवश्यक शैक्षिक सामग्री खरिद गर्न सक्ने भएको बताइन् । विज्ञान विषयको प्रयोगात्मक शिक्षाका लागिसमेत किबी बगैंचा भरपुर उपयोग भइरहको विद्यालयका विज्ञान शिक्षक नरबहादुर पच्या बताउँछन् । विद्यार्थीलाई परागशेचनको विषयमा किबी खेतीबाट राम्रो शिक्षा दिन सजिलो भइरहेको पच्याको भनाइ छ । कक्षा ९ का विद्यार्थीले विद्यालय परिसरमा मौसमी तरकारी खेतीसमेत गर्दै आएका छन् । अहिले सिमी लगाइएको छ । वार्षिक दुई सय केजीसम्म किबी बिक्री हुने गरे पनि अन्य किबी विद्यार्थी र शिक्षकले उपभोग गर्दै आइरहेका छन् । विद्यालयको कृषि कर्मले घरमासमेत परिवारलाई सघाउन सहयोग पुगेको कक्षा ११ मा अध्ययनरत विद्यार्थी दिपेश विकले जानकारी दिए । २०३६ मा स्थापना भएको उक्त विद्यालयमा हाल दुई सय ७८ विद्यार्थी अध्ययनरत छन् । *-रासस*


## कालिगण्डकी गाउँपालिकाको अनुरोध

- बाझो जग्गा नराखौं/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| नरेश गिरी | मन्जु कुमारी दर्लामी | वेद बहादुर थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


## बेमौसममा सिमी उत्पादन भएपछी तरकारीको झर्को टऱ्यो



सोरु गाउँपालिका-८ कच्चे गाउका मदुकला कार्कीलाई आजभोली घर परिवारका लागि खानासङै तिउन के बनाउने भन्ने झर्को लाग्न छोडेको छ ।

सोही गाउँकी अर्की गृहिणी नन्दादेवी बुढा १ वर्ष अधिका दिन सम्झदै भन्नुहुन्छ 'विहान बेलुका खाना बनाउन लाग्दा के तिउन, तरकारी बनाउने भनेर सधै चिन्ता लाग्ने गरेको थियो तर अब त्यो झर्को टरेको छ' ।

मधुकला र नन्दादेवी मात्र होइन यो वर्षको जेठ, असारमा कच्चे गाउँका सबै घरधुरीका गृहणीलाई भात,रोटी संगै खान तरकारी र दालको झर्को टरेको छ । विगत वर्षहरुमा असारमा सिमी,मास तथा अन्य गेडागुडी लगाएर कार्तिकमा पाक्ने र टिप्ने गर्थे । वर्षमा एक चोटि मात्र हुने दलहन बालीबाट उत्पादित दाल ५ महिना मात्र पुग्थ्यो त्यस पछिका बैशाख, जेठ, असार महिनाहरुमा के दाल बनाउने भनेर घरका घरिनाहरुलाई चिन्ता हुन्थ्यो अब भने त्यो चिन्ता हटेको कच्चे गाउका चक्र बहादुर कार्की बताउनु हुन्छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वन इकाइ कार्यालय गमगढी मुगुले यहाँका कृषकहरुलाई बेमौसमी सिमी खेती गर्न सिकाइ यो वर्षबाट खेती गर्न शुरु गराएपछी बेमौसममा पनि सिमी उपलब्ध भएपछी कच्चे गाउँका स्थानियलाई दाल बनाउने झर्को टरेको हो ।


यो गाउँका स्थानियहरुले फाल्गुण महिनामा सिमी लगाएका थिए । अहिले पाकेर सिमी निकाल्ने चटारोमा छन् । वर्षौं देखि वर्षमा एक चोटि मात्र सिमी खेती गर्दै आएका कच्चेबासीले शुरुमा बेमौसममा सिमी लगाउन सिकाउँदा विश्वास नै गरेका थिएनन । जग्गा विग्रने भयो, बीउ मर्ने भयो भनेर चिन्ता मान्ने गरेका थिए । सिमीको बीउसहित सिमी राख्ने भकारीसहित निशुल्क तालिम दिएपछी बेमौषमी सिमीखेती लगाउन गाउँलेहरु राजी भएको परियोजना कार्यान्वयन इकाइ कार्यालय मुगुका प्रमुख तेज विक्रम मल्ल बताउनुहुन्छ ।

हामिले गरेको योजना अनुसार सिमी उत्पादन नभए के गर्ने, कृषकले के भन्लान भन्ने चिन्ताका विच सिमी खेती राम्रो र गुणात्मक उत्पादन भएपछी कृषकहरु खुशी भएका छन । वर्षमा २ चोटि सिमी उत्पादन हुने भएको छ । फाल्गुनमा लगाएको सिमी जेठ र असारमा लगाएको सिमी कार्तिकमा टिप्ने भएका छन् । परियोजनाको प्राविधिक तथा आर्थिक सहयोगमा कच्चे जिउलाको ४ हेक्टर जमिनमा कच्चे गाउँका ८० घरधुरिले सिमी खेती गरेका छन् । कृषकहरुले राम्रो उत्पादन गरेर विक्री गर्न चाहेमा कार्यालयले कृषकहरुलाई बजारसम्म लैजान ढुवानी अनुदान दिने परियोजना प्रमुख मल्ल बताउनु हुन्छ ।

उहाँ भन्नुहुन्छ 'वेमौसममा सिमि उत्पादन भएपछी घरका महिला बढी लाभान्वित भएका छन उहाहरुको कार्यबोझ र चिन्ता घटेको छ भने घरपरिवारले सुख्खा महिनामा पनि झोलिलो दाल खान पाएका छन् ।' प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ मुगुको सहयोगमा यो वर्ष मुगु जिल्लाका स्थानियहरुले २५ हेक्टर जमिनमा बेमौसमी सिमी खेती गरेका छन् ।

*-इहिमालय टाइम्स डटकम*

## म्याग्दीमा कृषि विकासका कार्यक्रम कार्यान्वयनमा



म्याग्दीको कृषि विकासका निम्ति गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु छ करोड लागतमा उत्पादन, संरक्षण र बजारीकरणका कार्यक्रम सञ्चालन गरेको छ ।

परम्परागत बालीको संरक्षण-प्रवर्द्धन र बजारीकरण, कृषि उत्पादन वृद्धि गरी कृषि उपज आयात विस्थापन गर्न कृषि कार्यक्रम सञ्चालन गरिएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ ।

यस वर्ष जिल्लामा रु पाँच करोड ९७ लाख ५२ हजारको कृषिका कार्यक्रम सञ्चालन भएकामा सबैभन्दा धेरै रु तीन करोड खायन प्रजातिको आलुखेतीमा खर्च भएको केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले जानकारी दिए । कार्यक्रमअन्तर्गत जौँ, कोदो, लट्टे र फापरको प्रवर्द्धन गर्न चारवटा कृषि समूहमार्फत रु १० लाख खर्चेर विविध कार्यक्रम सञ्चालन गरिएको उनले बताए ।

त्यसैगरी फलफूल बगैँचा स्थापना कार्यक्रममार्फत रु ३० लाख लगानीमा २० हेक्टर जमिनमा २६ जना किसान र समूह छनोट गरेर कार्यक्रम सञ्चालन गरिएको छ भने फलफूल बगैँचाको सुदृढीकरण गर्न विभिन्न २३ वटा कृषि फार्मसँग सम्झौता गरेर कार्यक्रम कार्यान्वयन भएको छ ।

फलफूल नर्सरी स्थापना गर्न रु २० लाखमा बेनी नगरपालिकाको भकिम्ली र धवलागिरि गाउँपालिकाका दुईवटा कृषि फार्मसँग ५० प्रतिशतको अनुदानमा कार्यक्रम सञ्चालन गरिएको छ ।

यसैगरी जिल्ला कृषि ज्ञान केन्द्रले कृषिजन्य उत्पादन बढाउन प्राङ्गारिक मल वितरण कार्यक्रम पनि सञ्चालन गरेको छ । सुन्तलाको उत्पादन बढाउन रु १० लाख लागतमा ६३ मेट्रिक टन मल वितरणको गरिएको केन्द्रले जनाएको छ ।

यस वर्ष विनियोजित रु १५ लाखको बजेटबाट मकैको उन्नत बीउ उत्पादन कार्यक्रम सञ्चालन भएको छ । यो कार्यक्रमअन्तर्गत बेनी नगरपालिकाको तोरीपानी र पात्लेखेतमा दुई सय रोपनीमा मकै लगाइएको छ । कृषिजन्य कार्यक्रममार्फत जिल्लाका किसानको जीवनस्तर सुधार्ने, खेतीयोग्य जमिनको प्रयोग बढाउने र उत्पादन वृद्धिमा ज्ञान केन्द्रले जोड दिएको छ ।

### आलुखेती विस्तार

जिल्लामा यस वर्ष एक हजार सात सय ५० रोपनीमा आलुखेती विस्तार गरिएको छ । जिल्ला कृषि ज्ञान केन्द्रका अनुसार आठ सय रोपनीमा हिउँदे आलु र नौ सय ५० रोपनीमा बर्खे आलु गरी एक हजार सात सय ५० रोपनी जग्गामा खायन प्रजातिको आलुखेती विस्तार गरिएको हो । हिउँदे आलुखेतीतर्फ जिल्लाभर १७ वटा कृषक समूह र एकवटा कृषि समूहमार्फत आठ सय रोपनीमा आलुखेती विस्तार गरिएको थियो ।

यसैगरी खायन प्रजातिकै बर्खे आलुखेतीतर्फ १५ वटा कृषक समूहमार्फत नौ सय ५० रोपनीमा आलुखेती विस्तार गरिएको छ भने खायन प्रजातिको हिउँदे आलु उत्पादन कार्यक्रमतर्फ अधिकांश बेनी नगरपालिका क्षेत्र र बर्खेतर्फ बेनीसहित रघुगङ्गा र धवलागिरि गाउँपालिका छन् ।

आलु तथा बेमौसमी तरकारीखेती प्रवर्द्धन कार्यक्रमका लागि रु २८ लाखको लागतमा १७ वटा फार्मलाई छनोट गरिएको छ । मसला तथा निर्यातयोग्य बाली अदुवा र बेसार उत्पादन गर्न मङ्गला गाउँपालिकाको बरजामा कार्यक्रम सञ्चालन भइरहेको केन्द्रका प्रमुख बाँस्तोलाले बताए ।

*-सेतोपाटी डटकम*

# फेरि घट्यो निक्षेपको ब्याज




**पाल्पा,** असार १/आसारमा पनि निक्षेपको ब्याजदर घट्ने भएको छ । निक्षेप बढ्दै जाने, तर कर्जाको माग न्यून भएपछि बैंकहरूले निक्षेपको ब्याजदर फेरी घटाएका हुन् ।

वाणिज्य बैंकहरूले शुक्रबार प्रकाशन गरेको नयाँ ब्याजदर तालिका अनुसार असारका लागि बैंकको एकवर्षे व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर औसतमा ०.१२२ प्रतिशत बिन्दुले घटेको हो । यस अघि जेठमा ०.१८६ प्रतिशतले घटेको थियो । सञ्चालनमा रहेका २० वाणिज्य बैंकमध्ये १० वटाले जेठमा एक वर्ष व्यक्तिगत निक्षेपको ब्याजदर घटाएका थिए । दुई वटाले सीमान्त दरमा बढाएका थिए भने ८ वटाले स्थिर राखेका थिए ।

असारमा पनि सञ्चालनमा रहेका २० वाणिज्य बैंकमध्ये ११ वटाले असारमा एक वर्ष व्यक्तिगत निक्षेपको ब्याजदर घटाएका छन् । तीन वटाले सीमान्त दरमा बढाएका छन् भने ६ वटाले स्थिर राखेका छन् । साधारण बचतमा बैंकहरूको ब्याजदर औसतमा ०.०७५ प्रतिशत बिन्दुले घटेको छ । असारका लागि ९ वटा बैंकले साधारण निक्षेपको ब्याजदर घटाएका छन् भने दुई वटाले बढाएको र ९ वटाले स्थिर राखेका छन् । यससँगै असारमा वाणिज्य बैंकहरूको एकवर्षे व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर औसत ६.८७६ र साधारण निक्षेपको ४.९१६ प्रतिशत कायम भएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाले आगामी महिनाका लागि अघिल्लो महिनाको अन्तिम दिनभित्रै ब्याजदर सार्वजनिक गर्नुपर्नेछ । उक्त ब्याजदर एक महिनाभित्र परिवर्तन गर्न नपाइने व्यवस्था छ । यही कारण बैंक तथा वित्तीय संस्थाले शुक्रबार असारका लागि ब्याजदर सार्वजनिक गरेका हुन ।
अहिले बैंकहरूको मुख्य समस्या कर्जा माग घट्नु र निष्क्रिय कर्जा (एनपीए) बढ्नु रहेको वित्तीय क्षेत्रका जानकार बताउँछन् ।

अर्थतन्त्रमा रहेको सुस्तताले यी समस्या आएका हुन् । आर्थिक शिथिलताका कारण निजी क्षेत्रको मनोबल बढ्न सकेको छैन । यसको असरले कर्जाको माग बढ्न नसक्दा अर्थतन्त्र चलायमान हुन नसकेको उनीहरूको भनाइ छ ।

# मोहन कन्याका विद्यार्थीलाई छात्रवृत्ति



**पाल्पा,** असार १/पश्चिम क्षेत्रकै एक मात्र कन्या विद्यालय मोहन कन्या माध्यमिक विद्यालय तानसेनका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिएको छ । नेपाल सरकार शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालय मार्फत तानसेन नगरपालिकाद्वारा प्राप्त छात्रवृत्ति रकम यहाँका छात्रा विद्यार्थीहरुलाई दिइएको हो ।

विद्यालयले एक औपचारिक कार्यक्रमको आयोजना गरी कक्षा १ देखि ८ सम्मका छात्राहरुलाई छात्रवृत्ति प्रदान गरिएको विद्यालकी शिक्षिका मन गहिरेले बताईन् । उनका अनुसार १ सय १९ जना छात्रालाई जनही चार सयका दरले ४७ हजार छ सय, विभिन्न किसिमका अपांगता भएका ६ जना छात्रालाई २२ हजार र ४ जना छात्रालाई चार हजारका दरले १६ हजार गरी कूल ८५ हजार छ सय रकमको छात्रवृत्ति वितरण गरिएको हो ।

४ जना छात्रालाई वितरण गरिएको १६ हजार रकम रोटरी क्लब अफ नागार्जुनका प्रताप प्रधानद्वारा दिइएको छात्रवृत्ति हो । विद्यालयका पूर्व प्रधानाध्यापक शान्ता प्रधान पाण्डेको सम्मानमा उनका भाइ प्रताप प्रधानको पहलमा नागार्जुन रोटरी मोहन कन्याका विद्यार्थीलाई छात्रवृत्ति क्लब काठमाडौले मोहन कन्यामा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने शर्तमा चार जना छात्रालाई प्रत्येक वर्ष चार हजारका दरले छात्रवृत्ति प्रदान गर्ने बताइएको छ ।

प्राप्त छात्रवृत्ति प्रमुख अतिथि शिक्षाविद् बुद्धि प्रसाद शर्मा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठ र प्रधानध्यापक दीपक ज्ञावलीले संयुक्त रुपमा विद्यार्थीहरुलाई प्रदान गरेका थिए । रकम हस्तान्तरण गर्दै प्रमुख अतिथि शर्माले छात्रवृद्धिले विद्यार्थीहरुको अध्ययनमा थप टेवा पुग्ने, विश्वास व्यक्त गरे । विद्यालयका अध्यक्ष श्रेष्ठले विभिन्न विधामा उत्कृष्ट नतिजा दिनसक्ने छात्राहरूलाई नेपाल सरकारको सहयोगका अतिरिक्त विद्यालय समेतले थप प्रोत्साहन दिने गरेको बताए । विद्यालयका प्रधानाध्यापक ज्ञवालीले विद्यार्थीको सिकाइका लागि उत्प्रेरित गर्न छात्रवृत्ति प्रदान गरिएको बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठको अध्यक्षता, सहायक प्रधानाध्यापक रीना श्रेष्ठको सञ्चालनमा छात्रवृत्ति वितरण कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## न्युजिल्यान्डको जित, यूगाण्डा पराजित




**काठमाडौं,** असार १/आईसीसी टी-२० विश्वकप क्रिकेटमा न्युजिल्यान्डले युगान्डालाई ९ विकेटले हराएको छ ।

समूह 'सी' मा रहेको न्युजिल्यान्डको यो पहिलो जित हो । आज बिहान भएको खेलमा यूगान्डाले दिएको ४१ रनको झिनो लक्ष्य न्युजिल्यान्डले ५ ओभर २ बलमा एक विकेट गुमाएर भेट्टायो । उसका डेभन कन्वेले २२ रन बनाए ।

त्यसअघि यूगान्डा १८ ओभर ४ बलमा मात्र ४० रनमा समेटिएको थियो ।

उसका केनेथ वाइसवाले ११ रन जोड्नुबाहेक अरुले दोहोरो अंकमा रन जोड्न सकेनन् । समूह 'सी' बाट अफगानिस्तान र वेस्ट इन्डिज यसअघि सुपर आठमा पुगिसकेका छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
सम्पर्क: ०७५-५२०६०१

# लुम्बिनी...

यस्तै प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारण हुने विपदबाट प्रभावित कृषकहरुको व्यवसायलाई पुन:स्थापना गर्नका लागि वस्तुगत सहायता उपलब्ध गराउनुका साथै बाली/वस्तुमा आकस्मिक रुपमा देखापर्ने रोग किराबाट संरक्षण गर्न १ करोड १३ लाख, प्रविधि हस्तान्तरण तथा बाली/वस्तुमा देखिने प्राविधिक समस्या समाधान गर्न नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा नियमित रुपमा प्राविधिक सेवा उपलब्ध गराउन प्रविधि प्रदर्शन, कृषक प्राविधिक भेटघाट, कृषक तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

यसैगरी स्थानीय तहमा २५० जना प्राविधिक परिचालन कार्यलाई निरन्तरता दिइएको छ । जसका लागि लागि १२ करोड ४० लाख बजेट विनियोजन भएको छ । पशुपन्छीमा लाग्ने विभिन्न संक्रामक रोग नियन्त्रण गर्न ४५ लाख डोज खोप उपलब्ध गराइनेछ साथै पशु उपचार सेवा तथा प्रयोगशाला सेवालाई विस्तार गरिनेछ । गुल्मी र अर्घाखाँची जिल्लालाई खोरेत रोगमुक्त बनाउने अभियान सञ्चालन गरिनुको साथै अन्य जिल्लाहरुलाई पनि खोरेत रोगमुक्त बनाउजन ३ करोड ३० लाख छुट्याइएको छ । यस्तै पशुपन्छीमा देखा पर्ने रोग तथा दुधालु पशुमा बाँझोपन निवारणका लागि खोप तथा शिविर मार्फत आधारभूत औषधी नि:शुल्क रूपमा उपलब्ध गराइनेछ । पशुमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न ४० हजार नि:शुल्क सहित एक लाख पशुमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ । सोका लागि ३ करोड ८१ लाख बजेट व्यवस्था गरिएको छ । कृषि क्षेत्रमा महिलाको सम्मानजनक सहभागिता सुनिश्चित गर्न सीमान्तकृत, मुक्त कमैया/कम्लहरी, भूमिहीन विपन्न घरपरिवार लक्षित आयआर्जन तथा स्वरोजगारमूलक लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि ५ करोड ५४ लाख बजेट विनियोजन भएको छ । बजेटमा लुम्बिनी प्रादेशिक अस्पतालको १२ सय शैयाको भवन बनाउन एक अर्ब ८० करोड विनियोजन गरिएको छ । यस्तै सोही अस्पतालमा एमआरआई मेसिन खरिद गर्न १५ करोड छुट्याइएको छ । बजेटमा हाल कार्यान्वयनमा रहेको सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई थप सय वटा वन समुहमा बिस्तार गरी यसलाई प्रदेश सरकारको राजश्वको प्रमुख श्रोतको रुपमा अगाडि बढाइने बजेटमा उल्लेख छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई